# विधेयकमा संशोधनको सूचना

(प्रतिनिति सभा नियमावली, २०७९ को नियम ११२ सँग सम्बन्धित)

श्री सचिव,

प्रतिनिधि सभा, नेपाल

म प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ बमोजिम नियम ११३ को उपनियम (१) को शर्तका अधीनमा रही देहायको विधेयकमा देहाय बमोजिमको संशोधन पेश गर्न चाहन्छु ।

**विधेयकको नाम : नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०८१**

| क्र.स. | विधेयकको | | | | शंशोधनको व्यहोरा | | |
|---|---|---|---|---|---|---|---|
| | दफा | उप दफा | खण्ड | उप खण्ड | हालको व्यवस्था | प्रस्तावित संशोधन | संसोधन गर्न पर्ने कारण |
| १ | प्रस्तावना | | | | नेपालमा आधुनिक, सुविधायुक्त र अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको विमानस्थल पूर्वाधार तथा सुरक्षित र भरपर्दो एयर नेभिगेशन प्रणालीको विकास गरी हवाई सेवालाई स्तरीय र प्रभावकारी बनाउन नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्था गर्न वाञ्छनीय भएकोले, सङ्घीय संसद्ले यो ऐन बनाएको छ। | "अन्तर्राष्ट्रिय मापदण्ड" भन्ने शब्दहरूको सट्टा देहायको शब्दहरू राख्ने: ... "अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO) का मापदण्ड र सुरक्षा अनुगमन कार्यक्रम"…. | ICAO लाई किन उल्लेख गर्नु महत्त्वपूर्ण छ:<br>• ICAO उड्डयन सुरक्षा मापदण्डहरू निर्धारण गर्ने विश्वव्यापी निकाय हो,<br>• नेपालको लेखापरीक्षण असफलता र फ्लाइट निषेधित ICAO को पालना नगरेकोमा आधारित छ।<br>• ICAO सिद्धान्तहरूप्रति प्रत्यक्ष प्रतिबद्धता देखाउन आवश्यक |
| २ | ६ | १ | क | | (क) सचिव, मन्त्रालय - अध्यक्ष | विधेयकको खण्ड (क) को सट्टा देहायको (क) राख्ने: (क) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरी वायुसेवा संचालन, वायुयानको उडान संचालन वा वायुयानको निर्माण, मर्मत, सम्भार वा एयर ट्राफिक कन्ट्रोलमा कम्तीमा दश वर्ष अनुभव भएको विज्ञमध्ये एक जना महिलासहित नेपाल सरकारले मनोनयन गरेको एक जना - अध्यक्ष | ICAO good governance अनुसार मन्त्रालयको प्रत्यक्ष नेतृत्व हटाई समितिलाई प्राविधिक र स्वतन्त्र बनाउने; पारदर्शिता, समावेशिता र दिगो निर्णय प्रक्रियाका लागि आवश्यक |
| ३ | ६ | १ | ख,ग,घ, ङ | | (ख) सहसचिव, मन्त्रालय- सदस्य<br>(ग) सहसचिव, गृह मन्त्रालय- सदस्य<br>(घ) सहसचिव, अर्थ मन्त्रालय - सदस्य<br>ङ) मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा स्नातकोत्तर तह उतीर्ण गरी वायुसेवा सञ्चालक, वायुयानको उडान सञ्चालन वा वायुयानको मर्मत, सम्भार वा एयर ट्राफिक कन्ट्रोल वा सञ्चार, उड्डयन सहायक तथा निगरानी उपकरणको जडान तथा मर्मत, सम्भारमा कम्तीमा दश वर्ष अनुभव भएका विज्ञमध्येबाट एक जना महिलासहित नेपाल सरकारले मनोनयन गरेको दुईजना - सदस्य | विधेयकको दफा (ख), (ग), (घ), र (ङ) खारेज गरी देहायको दफाहरू राख्ने:  (ख) सदस्यहरू (४ जना):(१) वित्त वा योजना विज्ञ जसले मान्यता प्राप्त कुनै विश्वविद्यालयबाट स्नातकोत्तर गरी सम्बन्धित क्षेत्रमा १० वर्षको अनुभव हासिल गरेको<br>(२) **हवाई सेवा/एयर ट्राफिक प्राविधिक विज्ञ** जसले हवाई ट्राफिक, नेभिगेशन, मर्मत वा उड्डयन सुरक्षामा १० वर्षको अनुभव प्राप्त गरेको<br>(३) कानून वा सार्वजनिक नीति विशेषज्ञ जसले कानून वा सार्वजनिक नीतिमा स्नातकोत्तर गरी नियमन वा उड्डयन कानूनमा अनुभव प्राप्त गरेको<br>(४) माथिका क्षेत्रमध्ये कुनै एकमा १० वर्ष अनुभवप्राप्त गरेकी महिला अनिवार्य<br>(ग) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव - पर्यवेक्षक सदस्य<br>(घ) मौसम तथा पूर्वानुमान विभागको वरिष्ठ मौसमविद् - सदस्य | ICAO good governance अनुसार मन्त्रालयको प्रत्यक्ष नेतृत्व हटाई समितिलाई प्राविधिक र स्वतन्त्र बनाउने; पारदर्शिता, समावेशिता र दिगो निर्णय प्रक्रियाका लागि आवश्यक  सरकार प्रतिनिधि तर मताधिकार बिना |
| ४ | ६ | | | | नयाँ उपदफा थप | उपदफा (१) पछि देहायको उपदफा (२) थप गरी दफाक्रम मिलाउने: (२) उपदफा (१) को खण्ड (ख) बमोजिम आवश्यक विज्ञ छनोटका लागि तीन सदस्यीय विज्ञहरूको छनोट समिति मन्त्रालयले गठन गर्न सक्नेछ। विज्ञापन प्रकाशन गरी खुला प्रतिस्पर्धा मार्फत योग्यता र अनुभवका आधारमा छनोट गरी समितिले नेपाल सरकारलाई सिफारिस गर्नेछ र  नेपाल सरकारले मनोनयन गर्नेछ। | समिति सदस्य छनोट प्रक्रियालाई पारदर्शी, न्यायोचित र अनुमानायोग्य बनाउन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | ६ | २ | | | (२) उपदफा (१) को खण्ड (ङ) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हनेछ र निज पुन: एक पटकको लागि मनोनित हन सक्नेछ । | विधेयकको उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने: "(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम मनोनयन हुने अध्यक्ष र सदस्यहरूको पदावधि चार वर्षको हनेछ र निज पुन: एक पटकको लागि खुला प्रतिस्पर्धा मार्फत नै मनोनित हुन सक्नेछ । सबै पद रिक्त हुनुभन्दा कम्तीमा ३ महिना अगाडि नै पदपूर्तिको प्रक्रिया सुरु गर्नुपर्नेछ। | पुन: नियुक्तिमा पनि पारदर्शी मूल्याङ्कन र निष्पक्ष प्रतिस्पर्धा कायम गर्न र संस्था शून्यतामा नरहोस्, सतत कार्य सम्पादन सुनिश्चित गर्न |
| ६ | ६ | ३ | | | ३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ङ) बमोजिम मनोनित सदस्यले इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा, कार्यक्षमताको अभाव भएमा, शारीरिक वा मानसिक अस्वस्थताको कारणले काम गर्न असमर्थ देखिएमा नेपाल सरकारले निजलाई जुनसुकै बखत पदमुक्त गर्न सक्नेछ । | विधेयकको दफा (३) को सट्टा देहायको दफा (३) राख्ने:<br>"उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम मनोनित सदस्यले इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा, कार्यक्षमताको अभाव भएमा, शारीरिक वा मानसिक अस्वस्थताको कारणले काम गर्न असमर्थ देखिएमा नियामक निकायको अनुशासन समितिद्वारा जाँच र सिफारिसपछि मात्र पदमुक्त गर्न सकिनेछ। सदस्यलाई लिखित सूचना र प्रतिवादको अधिकार अनिवार्य रुपमा दिइनेछ। | निष्पक्ष अनुसन्धानका लागि, राजनैतिक हस्तक्षेपलाई न्यूनीकरण गर्नका लागि। "नियामक निकायको अनुशासन समिति" भनि उल्लेखित गरिएको - किनभने नियामक निकायमा एउटा appeal body आवश्यक हुनेछ, यस सम्बन्धी नियामक निकायको कानूनमा पनि समेटिनु पर्नेछ |
| ७ | १२ | ४ | | | उपदफा (२) बमोजिम नेपाल सरकारले प्राधिकरणलाई विमानस्थल निर्माणको स्वीकृति दिँदा देहायका विषयमा समेत विचार गरी स्वीकृति दिन सक्नेछः-<br>(क) प्राविधिक, भौगोलिक, पर्यटकीय तथा वातावरणीय दृष्टिले प्रस्तावित स्थानको उपयुक्तता,<br>(ख) व्यावसायिक सम्भाव्यता,<br>(ग) स्वदेशी तथा वैदेशिक लगानीको सम्भाव्यता,<br>(घ) सामाजिक उत्तरदायित्व,<br>(ङ) सामरिक तथा रणनीतिक महत्व । | विधेयकको उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने: "उपदफा (२) बमोजिम नेपाल सरकारले प्राधिकरणलाई विमानस्थल निर्माणको स्वीकृति दिँदा देहायका विषयमा विस्तृत विश्लेषण गरेर सो को अभिलेख सार्वजनिक गरी सार्वजनिक राय संकलन गरेर मात्र स्वीकृति दिनेछ:<br>(क) प्राविधिक, भौगोलिक, पर्यटकीय तथा वातावरणीय दृष्टिले प्रस्तावित स्थानको उपयुक्तता,<br>(ख) व्यावसायिक सम्भाव्यता,<br>(ग) स्वदेशी तथा वैदेशिक लगानीको सम्भाव्यता,<br>(घ) सामाजिक उत्तरदायित्व,<br>(ङ) सामरिक तथा रणनीतिक महत्व<br>(च) वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) र जलवायु परिवर्तनका कारण हुन सक्ने असरहरु<br>(ज) भविष्य लाभ लागत (cost-benefit analysis)" | विमानस्थल निर्माण स्वीकृति दिनु अघि विभिन्न पक्षबाट विश्लेषण गरी विश्लेषण बारे सार्वजानिक राय लिएर समुदायको अपनत्व हुने गरि विकासको अवधारणा कल्पना गर्नुपर्ने, वातावरणीय र जनावायु परिवर्तनलाई ध्यान दिई पक्ष अवलम्बन गर्न अपरिहार्य, र २०७५ को प्रतिवेदन अनुसार भविष्य लागतको पक्ष पनि अनिवार्यरूपमा मूल्यांकन गरिनु पर्ने र साथै यस्तो विश्लेषणलाई बाध्यकारी दायित्व सिर्जना गर्न |
| ८ | १३ | २ | | | प्राधिकरणले आफू अन्तर्गतको … | उपदफा खारेज | |
| ९ | १५ | १ | | | विमानस्थलको प्रयोगः (१) विमानस्थल सञ्चालन गर्ने स्वीकृति प्राप्त गर्दा तोकिएको शर्त बाहेक अन्य प्रयोजनका लागि विमानस्थलको प्रयोग गर्न वा गराउन हुँदैन। | उपदफा (१) को ".… विमानस्थलको प्रयोग गर्न वा गराउन हुँदैन।" भन्ने वाक्यहरूको सट्टा देहायको वाक्यहरु राख्ने: ".… विमानस्थलको प्रयोग गर्न वा गराउन पाईनेछैन।" | उपदफा १ लाई वाद्यात्मक बनाउछ जस्को कारण यो दफाको कार्यनयनलाई सुनिश्चित गर्छ। |
| १० | १७ | २ | घ | | (घ) निर्माण भइसकेका भवन, घर, टहरा, पुरै वा केही भत्काउन वा लट्ठा, रूख आदि उखेल्न, काट्न वा हटाउन परेमा दफा ४८ बमोजिम नेपाल सरकारसँग अनुरोध गर्ने, | खण्ड (घ) को सट्टा देहायको (घ) राख्ने: (घ) निर्माण भइसकेका भवन, घर, टहरा, पुरै वा केही भत्काउन वा लट्ठा, रूख आदि उखेल्न, काट्न वा हटाउन परेमा हटाउनुअघि स्वतन्त्र मूल्याङ्कन समिति गठन गरी क्षतिपूर्तिको मापदण्ड निर्धारण गरिने र त्यसपश्चात दफा ४८ बमोजिम नेपाल सरकारसँग अनुरोध गर्ने, | संविधानको सम्पत्ति अधिकार र उचित प्रक्रिया पालना गर्न |
| ११ | १७ | ३ | | | (३) उपदफा (२) बमोजिम उडान सुरक्षालाई ध्यानमा राखी मन्त्रालयसँगको समन्वयमा विमानस्थल वा विमानस्थल क्षेत्रभित्र वा सोको वरिपरी कसैको चल, अचल सम्पत्तिको भोग, चलनमा बन्देज लगाउनु पर्ने भएमा प्रचलित कानूनको अधीनमा रही शर्त बन्देज लगाउन सकिनेछ । त्यसरी शर्त वन्देज लगाइएको सूचना सार्वजनिक रुपमा प्रकाशन तथा प्रसारण गर्नुपर्नेछ । | उपदफा (३) को वाक्य "त्यसरी शर्त वन्देज लगाइएको सूचना सार्वजनिक रुपमा प्रकाशन तथा प्रसारण गर्नुपर्नेछ ।" को सट्टा देहायको वाक्य राखिनेछ: "त्यसरी शर्त वन्देज लगाइएको सूचनाहरू स्थानीय तहमा पठाइने, प्राधिकरणको वेबसाइटमा अपलोड गरिने र प्रभावित पक्षलाई लिखित जानकारी दिएर सूचना सार्वजनिक रुपमा प्रकाशन तथा प्रसारण गर्नुपर्नेछ।" | सूचना पहुँच र नागरिक सहमति सुनिश्चित गर्न |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | १७ | ५ | | | (५) विमानस्थल सुरक्षा तथा हवाई उडानलाई सुरक्षित गर्ने प्रयोजनको लागि प्राधिकरण र विमानस्थलसञ्चालकले अपनाउनु पर्ने अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | (५) विमानस्थल सुरक्षा र हवाई उडान सुरक्षासम्बन्धी अन्य व्यवस्था ICAO Annex 14 तथा राष्ट्रिय सुरक्षा नीति अनुसार हुने | अन्तर्राष्ट्रिय मापदण्डसँग समन्वय गर्न र दिगो सुरक्षा संरचना बनाउने। ICAO Annex 14: It outlines the physical characteristics, obstacle limitation surfaces, and visual aids required for safe aircraft operations. |
| १३ | २२ | | | | अनुमति नलिई वायुयान उडान तथा अवतरण गर्न नहुने:…. | दफा (२२) को "… गर्न वा गराउन हुँदैन।" भन्ने शब्दहरूको सट्टा "गर्न वा गराउन पाइँदैन।" भन्ने शब्दहरू राख्ने। | यो संशोधनले यस दफालाई बाद्यात्मक बनाउछ। |
| १४ | २४ | ३ | | | एयर नेभिगेशन सेवा प्रदान गर्ने निकाय वा संस्थाले एयर ट्राफिक सेवा …. | उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्ने:<br>(३) प्राधिकरणले एयर नेभिगेशन सेवा अन्तर्गत एयर ट्राफिक सेवा र उड्डयन सूचना सेवा (एरोनटिकल इन्फर्मेसन सर्भिस) समेत प्रदान गर्नेछ। | यो संशोधन प्राधिकरणलाई एयर नेभिगेशन सेवाको एकमात्र स्पष्ट प्रदायकको रुपमा स्थापित गरी कानुनी अस्पष्टता हटाउन गरिएको हो। |
| १५ | २४ | ४ | | | एयर नेभिगेशन सेवा प्रदान गर्ने निकाय वा संस्थाले खोज तथा …. | उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्ने:<br>(४) प्राधिकरणले खोज तथा उद्दार सेवा समन्वय केन्द्र सञ्चालन गर्नेछ। | यो संशोधन प्राधिकरणलाई एयर नेभिगेशन सेवाको एकमात्र स्पष्ट प्रदायकको रुपमा स्थापित गरी कानुनी अस्पष्टता हटाउन गरिएको हो। |
| १६ | २६ | | | | संचार, उड्डययन सहाय तथा निगरानी उपकरण: एयर नेभिगेशन सेवा प्रदान गर्ने निकाय वा संस्थाले तोकिए बमोजिमको …. | दफा (२६) को सट्टा देहायको (२६) राख्ने: सञ्चार, उड्यन सहाय तथा निगरानी उपकरणः प्राधिकरणले तोकिए बमोजिमको सञ्चार, उड्डयन सहाय तथा निगरानी उपकरण जडान गरी सञ्चालनयोग्य अवस्थामा राखु पर्नेछ । | यो संशोधन प्राधिकरणलाई एयर नेभिगेशन सेवाको एकमात्र स्पष्ट प्रदायकको रुपमा स्थापित गरी कानुनी अस्पष्टता हटाउन गरिएको हो। |
| १७ | २७ | | | | २७. उड्डयन मौसमी सूचना सेवा प्रदान गर्नेः (१) हवाई सेवा सञ्चालनको लागि आवश्यक पर्ने उड्डयन मौसमी सूचना सेवा नेपाल सरकारले तोकेको निकायले सञ्चालन गर्नेछ ।<br>(२) नेपाल सरकारले नेपालको कुनै विमानस्थल वा तोकिएको क्षेत्रमा उपदफा (१) बमोजिमको सेवा प्रदान गर्न मौसम सम्बन्धी सेवा उपलब्ध गराउने कुनै सेवा प्रदायक संस्थालाई जिम्मेवारी दिन सक्नेछ ।<br>(३) उड्डयन मौसमी सेवा उपलब्ध गराउने निकाय वा संस्थाले प्राधिकरणसँग समन्वय गरी नियामक निकायले जारी गरेको आवश्यक शर्त (रिक्वायरमेण्ट्स), निर्देशिका (डाईरेक्टिभ्स), दिग्दर्शन (म्यानुअल), परिपत्र (सर्कुलर) तथा आदेश बमोजिम उड्डयन मौसमी सेवा प्रदान गर्नु पर्नेछ । | विधेयकको दफा २७ को सट्टा देहायको २७ राख्ने: "उड्डयन मौसमी सूचना सेवा प्रदान गर्नेः<br>(१) हवाई सेवा सञ्चालनका लागि आवश्यक पर्ने उड्डयन मौसमी सूचना सेवाका लागि प्राधिकरण भित्रै जल तथा मौसम विज्ञान विभाग (DHM) को समन्वय शाखा हुनेछ ।<br>(२) नेपाल सरकारले नेपालकै कुनै विमानस्थल वा तोकिएको क्षेत्रमा उपदफा (१) बमोजिमको सेवा प्रदान गर्न DHM मार्फत मात्र सेवा उपलब्ध गराउने व्यवस्था मिलाउन सकिनेछ।<br>(३) DHM ले प्राधिकरणसँग समन्वय गरी नियामक निकायले जारी गरेको आवश्यक शर्त (रिक्वायरमेण्ट्स), निर्देशिका (डाइरेक्टिभ्स), दिग्दर्शन (म्यानुअल), परिपत्र (सर्कुलर) तथा आदेश बमोजिम उड्डयन मौसमी सेवा प्रदान गर्नु पर्नेछ।" | उड्डयन मौसमी सूचना सेवा प्रदान गर्ने जिम्मेवारी स्पष्ट रुपमा केवल जल तथा मौसम विज्ञान विभाग (DHM)  जस्तो सेवामा सरकारी विशेषज्ञ निकाय लाई दिई नियन्त्रण राख्दा पारदर्शिता, जवाफदेहिता र राष्ट्रिय सुरक्षाको प्रत्याभूति हुन्छ। |
| १८ | ३८ | | | | दफा ३८ पछि नयाँ दफा थप गरी दफाक्रम | ३९. दफा ३८ बमोजिम कसुरको विश्लेषण गर्दा ICAO Annex 13 र EASA का आधारभूत नियमावली अनुसार देहायको व्यवस्था गरिनेछ:<br><br>(१) घटनाहरूलाई स्पष्ट रूपमा वर्गीकरण (दुर्घटना, घटना, उल्लङ्घन) गर्ने<br>(२) जरिवाना निर्धारण गर्दा अनुपातिक, क्रमिक र जोखिम मूल्याङ्कनलाई आधार मान्ने, सम्भावित वा वास्तविक हानिलाई समेत विश्लेषण गर्ने<br>(३) “न्यायपूर्ण संस्कृति” प्रवर्द्धन गरी निष्पक्ष र इमान्दार अनुसन्धान गर्ने वातावरण हुने<br>(४) “गम्भीर घटना,” “दुर्घटना,” “उल्लङ्घन” जस्ता शब्दहरूलाई ICAO मापदण्डका आधारमा स्पष्ट रूपमा परिभाषित गर्ने<br>(५) कसूरलाई सुरक्षा उल्लङ्घन, आपराधीक क्रियाकलाप, नियामक उल्लङ्घन र प्राविधिक त्रुटिका आधारमा वर्गीकरण गर्ने | अन्तर्राष्ट्रिय मापदण्ड अनुसार कसुरलाई न्यायोचित हिसाबले विश्लेषण गर्न |
| १९ | ४५ | | | | ४५. संयुक्त लगानीः प्राधिकरणले नेपाल सरकारको स्वीकृति लिई स्वदेशी वा विदेशी लगानीकर्तासँग व्यावसायिक योजना अनुसार संयुक्त लगानीमा योजना तथा कार्यक्रम सञ्चालन गर्न वा स्वदेशी वा विदेशी सरकार वा संस्थासँग सार्वजनिक, निजी वा संयुक्त साझेदारीमा विमानस्थल निर्माण, स्तरोन्नति, सञ्चालन वा व्यवस्थापन गर्न सक्नेछ । | दफा खारेजीको माग । | विमानस्थलजस्ता संवेदनशील संरचनामा संयुक्त लगानीमार्फत स्वदेशी वा विदेशी निजी क्षेत्रलाई पहुँच दिनु राष्ट्रिय सुरक्षामा गम्भीर जोखिम हो, किनकि हवाई आवागमन, यात्रु विवरण, भन्सार तथा अध्यागमनजस्ता नागरिकका व्यक्तिगत तथा गोप्य सूचना विदेशी वा निजी संस्थाको पहुँचमा पुग्न सक्छ, जसले गोपनीयता उल्लङ्घन गर्ने र रणनीतिक सूचनाको दुरुपयोगको खतरा बढाउने सम्भावना हुन्छ। त्यसैले, नागरिकको निजी सुरक्षा र राज्यको सार्वभौमिक नियन्त्रण सुनिश्चित गर्न दफा खारेज गर्नु अपरिहार्य छ। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २० | ४८ | | | | ४८) जग्गा प्राप्तिः प्राधिकरणलाई नयाँ विमानस्थल निर्माण गर्न, विमानस्थल विस्तार गर्न वा विमानस्थलमा भइरहेका सुविधाहरु स्तरोन्नति वा विस्तार गर्नको लागि कुनै जग्गा, घर, टहरा वा संरचना आवश्यक भई सोको प्राप्तिको लागि अनुरोध गरेमा नेपाल सरकारले त्यस्तो जग्गा, घर, टहरा वा संरचना प्रचलित कानून बमोजिम सोको व्ययभार प्राधिकरणले व्यहोर्ने गरी प्राधिकरणलाई उपलब्ध गराउनेछ । | दफाको अन्तिममा वाक्य थप र उपदफा कायम गर्ने: ४८) (१) जग्गा प्राप्तिः प्राधिकरणलाई नयाँ विमानस्थल निर्माण गर्न, विमानस्थल विस्तार गर्न वा विमानस्थलमा भइरहेका सुविधाहरु स्तरोन्नति वा विस्तार गर्नको लागि कुनै जग्गा, घर, टहरा वा संरचना आवश्यक भई सोको प्राप्तिको लागि अनुरोध गरेमा नेपाल सरकारले त्यस्तो जग्गा, घर, टहरा वा संरचना प्रचलित कानून बमोजिम सोको व्ययभार प्राधिकरणले व्यहोर्ने गरी प्राधिकरणलाई उपलब्ध गराउनेछ। अधिग्रहण गर्दा पूर्व सूचना, उचित क्षतिपूर्ति निर्धारण, अपिलको व्यवस्था, सार्वजनिक हितमा मात्र प्रयोग हुने व्यवस्था स्पष्ट गर्नुपर्नेछ।" | संविधानको धारा २५ (सम्पत्ति अधिकार) अनुसार प्रक्रिया सुनिश्चित गर्न |
| २१ | ४८ | नयाँ उपदफा माग | | | | उपदफा (२) र (३) थप: (२) अधिग्रहणका लागि मूल्यांकन स्वतन्त्र समिति द्वारा गरिनेछ र प्रभावित पक्षलाई लिखित प्रतिवेदन तथा उजुरी दर्ता गर्ने अधिकार दिइनेछ। (३) अधिग्रहण सम्बन्धी सम्पूर्ण विवरण (स्वीकृति मिति, स्थान, मुआब्जा) वेबसाइट र स्थानीय निकायमा सार्वजनिक गरिनेछ | पारदर्शिता, निष्पक्षता र सामाजिक स्वीकार्यता बढाउन, सूचना पहुँच सुनिश्चित गर्न र अपारदर्शिता हटाउन |

(१) नाम, थर: सुमना श्रेष्ठ  दस्तखत:  क्र. स.: २५२  मिति २०८२ - ०१ - १७